# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता-पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल


च.नं. ३८६९
प.सं. ०७९/०८०

मितिः २०८०।०३।३१

श्री वडा कार्यालय सबै
सरावल गाउँपालिका, नवलपरासी (ब.सु.प.)

विषयः- सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.सं.०७९/०८० च.नं.१६० मिति २०८०।०३।०३ को पत्र यसै साथ संलग्न छ । सोही बमोजिम सम्बन्धित वडा कार्यालय मार्फत अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराई लाभग्राहीहरुको विवरण **२०८० श्रावण महिना देखि भाद्र मसान्त भित्र** नविकरण गरि सक्नुपर्ने भएकोले नविकरण तथा लगत अद्यावधिक गर्नुहुन अनुरोध छ ।
पुनश्चः परिचयपत्र नविकरण गर्दा अनिवार्य रुपमा लाभग्राहीको बैंक खाता (अंग्रेजी नाम) समेत अद्यावधिक गर्नुहुन अनुरोध छ ।

नोटः सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्न आउदा ल्याउनु पर्ने कागजपत्रहरु

१) सामाजिक सुरक्षा भत्ता परिचयपत्र ।

२) भत्ता पाउने लाभग्राहीहरुको नेपाली नागरिकताको प्रतिलिपी/हाल खिचेको दुई प्रति पासपोर्ट साइज फोटो ।

३) बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी र संरक्षको नागरिकताको प्रतिलिपी ।

४) विधुवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी ।

५) अपाङ्गताको हकमा 'क' र 'ख' वर्गको अपाङ्गता परिचयपत्र ।

६) सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेकी महिला(६० वर्ष माथि) सम्बन्ध विच्छेद दर्ताको प्रमाणत्र साथै अर्को विवाह नगरेको प्रमाण ।

७) न्यायीक पृथकीकरण गरि बसेको महिलाको हकमा (६० वर्ष माथि) न्यायीक पृथकीकरण प्रमांण ।

८) अविवाहित महिलाको हकमा (६० वर्ष माथि) विवाह नगरेको प्रमाण ।

९) सम्बन्धित बैंकको खाता नं. देखिने प्रमाण/चेक ।

<u>बोधार्थ</u>

श्री सूचना प्रविधि शाखा, सरावल गाउँपालिका, सरावल
पत्र वेबसाईटमा अप्लोड गरिदिनुहुन

२०८०/३/२९

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स :-४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०६३/८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १६०

मिति २०८०/०३/३......

श्री स्थानीय तहहरु सबै ७५३

विषयः- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) को उपनियम (१) बमोजिम नवीकरण छुट भएका लाभग्राहीहरुको परिचयपत्र नवीकरण र सामाजिक सुरक्षा भत्ता निकासाका लागि विभिन्न स्थानीय तहबाट यस विभागमा अनुरोध हुँदै आएको छ। सो सम्बन्धमा देहाय अनुसार गर्न गराउन हुन विभागको मिति २०८०/२/१२ को निर्णयानुसार अनुरोध छ।

देहायः

१. सामाजिक सुरक्षा नियमावली, २०७६ को मिति २०७९/६/१० मा भएको दोस्रो संशोधन अनुसार नियम (९) को उपनियम (१) को "नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको कात्तिक मसान्त भित्र नवीकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ" भन्ने साविकको व्यवस्थामा संशोधन भई भदौ मसान्तसम्म निवेदन दिनु पर्ने प्रावधान रहेको र सो व्यवस्था आगामी आर्थिक वर्ष २०८०/८१ देखि लागु हुने व्यहोरा विदितै होला। नियमावलीको सो व्यवस्था सम्बन्धित वडा कार्यालय मार्फत सम्पूर्ण लाभग्राहीहरुलाई जानकारी गराई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नु गराउन हुन।

२. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनःलाभग्राहीमा सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही अनुसार गर्नु गराउन हुन।

२०८०/०३/०३
(मेघ राज शंकर)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

... गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं.: ७६५५
मितिः २०८०/०३/०८
समयः ______ हस्ताक्षरः